# हिमाली सुस्केरा
राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : ०४, २०८२ असोज २६ गते आइतवार ( 12 Oct. 2025 ), मूल्य रु. २०।-




प्रधानमन्त्री सहित राजनीतिक दलहरुसँग निर्वाचन सम्बन्धी छलफल: शुक्रवार सम्मानिनय राष्ट्पति रामचन्द्र पौडेलले प्रधानमन्त्री सहित देशका राजनीतिक दलहरुसँग गहन छलफल गर्नु भएको हो ।

## शान्तिसुरक्षा सम्बन्धी सरकार माथि दलका प्रश्नै प्रश्न

सुस्केरा समाचारदाता

काठमाण्डौ, असोज । राजनीतिक दलहरूले सरकारले शान्तिसुरक्षाको प्रत्याभूति गर्न नसकेको भन्दै चुनावी वातावरणप्रति गम्भीर प्रश्न उठाएका छन् ।

दलहरूले भयरहित, निष्पक्ष र स्वतन्त्र निर्वाचनका लागि पहिला त्रासमुक्त वातावरण बनाउन सरकारलाई आग्रह गरेका छन् ।

सरकारले शान्तिसुरक्षाको प्रबन्ध गने प्रतिबद्धता जनाए पनि दलहरूमा चुनाव समयमै हुनेमा अझै आशंका देखिएको छ ।

चुनाव घोषणा गरिए पनि त्यसका लागि सरकारले वातावरण बनाउन नसकेको राजनीतिक दलहरूले बताएका छन् ।

असुरक्षित वातावरणमा हुने चुनाव भयरहित, निष्पक्ष र स्वतन्त्र हुन नसक्ने भन्दै उनीहरूले निर्वाचनका लागि पहिला भयरहित वातावरण बनाउन सरकारलाई आग्रह गरे ।

सम्मानिनय राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार बोलाएको सर्वदलीय बैठकमा विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका दलका नेताहरूले फागुन २१ मै निर्वाचन गर्ने हो भने सरकारले इमानदारिता साथ विश्वासको वातावरण बनाउनु पर्ने बताए । सरकारले शान्तिसुरक्षाको स्थिति सुधार्न नसकेकामा उनीहरूले प्रश्न उठाए । शान्तिसुरक्षाको प्रत्याभूति नभएसम्म चुनावी वातावरण बन्न नसक्ने

....... .. .पेज नं. ८ मा

## दुनैबाट सिधा यातायात संचालन

सुस्केरा समाचारदाता

डोल्पा, असोज । वर्षा याम सकिएको छ । वर्षा याम सँगै वर्षा पनि कमि हुँदै गए पछि डोल्पा जोल्डे सडकका विभिन्न खोलाहरुमा पानीको बहाव घटेकाले डोल्पाबाट सिधै नेपालगञ्ज र काठमाण्डौंका लागि यातायात संचालन भैरहेको छ ।

असोजको १० गतेबाट दुनैबाट गाडिहरु सिधै नेपालगञ्ज, काठमाण्डौं लगायतका शहरहरुमा जान थालिसकेको अवस्थामा असोज १७ गतेदेखि १९ गतेसम्म भएको वर्षाले फेरी अवरुद्ध हुन पुगेकोमा पानीको बहाव घटे पछि सिधा बस तथा यातायातका साधन सुचारु रुपमा चल्न थालेको यातायात व्यवासयीहरुले बताउनु भएको छ ।

दुनैबाट नेपालगञ्ज, काठमाण्डौं लगायतका शहरहरुसम्म सिधा यातायात सुचारु भए पछि यात्रुहरुलाई निकै सहजता भएको जनाइएको छ । नत्र भने छलगाड, लामाढुंगा, मुलातरा, ताँतरगाड लगायतका खोलाहरुमा पानी बढि भएका कारण पल्टी गर्नु पर्ने अवस्था थियो ।

....... .. .पेज नं. ८ मा

## मतदाता नामावली संकलन तिब्र

सुस्केरा समाचारदाता

डोल्पा, असोज । नेपाल सरकारको सिफारिसमा सम्माननिय राष्ट्पतिद्वारा आगामी फागुन २१ गते प्रतिनिधिसभाको आम निर्वाचन घोषणा गर्नु भएकोमा उक्त निर्वाचनमा भाग लिने उमेर पुगेका तर छुट हुन गएका मतदाताहरुको नामावली संकलन तथा अध्यावधिक गर्ने काम तिब्र रुपमा भैरहेको छ ।

निर्वाचन आयोगले निर्वाचन कार्यतालिका समेत प्रकाशन गरिसहेको अवस्थामा राष्ट्पतिबाट नागरिकता विधेयक जारी गराउदै नेपाल सरकारले आउने निर्वाचनमा मतदान गर्ने उमेर पुगेका तर छुट हुन गएकाहरुलाई अवसर प्रदान गर्नका लागि मतदाता नामावली संकलन र अध्यावधिक गर्ने कार्यलाई तिब्र बना

....... .. .पेज नं. ८ मा

## डोल्पामा एक्कासी चिसो बढ्यो

सुस्केरा समाचारदाता

डोल्पा, असोज । यति बेला असोज महिनाको चौथो साता चलिरहेको छ । असोज चौथो साता सुरु हुँदै डोल्पा जिल्लामा चिसो बढेको छ ।

गएको हप्ता पानी परेका कारण चिसो बढेको स्थानीयहरुले बताउने गरेका छन् । सधै जसो चिसो विस्तारै बढ्ने गरेको भए पनि यो वर्ष एक्कासी चिसो बढेको स्थानीयहरुको भनाई रहेको छ ।

चिसोका कारण उच्च बस्तिहरुमा सित तथा तुसारो जम्ने गरेको छ । चिसोका कारण बाली नाली सिमेल्न बिहान बेलुकी चिसोले सताउने गरेको बताइन्छ ।

डोल्पाका विभिन्न बेसीमा पने बस्तिहरुमा समेत चिसोले सताउन थालेको बताइन्छ भने उच्च हिमाली बस्तिहरुमा चिसो धेरै बढेको बताइन्छ । चिसोका कारण काम गर्न कठिनाई

....... .. .पेज नं. ८ मा

## बाला त्रिपुरा सुन्दरीको भण्डार कक्ष

सुस्केरा समाचारदाता

डोल्पा, असोज । शनिवार हलुवा भुट्ने क्रममा बाला त्रिपुरा सुन्दरी भगवति देवीको मन्दिरको भण्डार कक्षमा आगोलागि भएर भण्डार कक्ष जलेको छ ।

दिउसो माता बाला त्रिपुरा सुन्दरी भगवति देवीको भोग र प्रसादका लागि हलुवा लगाउने क्रममा तेल धेरै खरिएका कारण पिठो हाल्ने क्रममै आगो सल्केर आगोलागि भएको र आगोलागिबाट भण्डार कक्ष जलेर ध्वस्त भएको बाला त्रिपुरा सुन्दरी भगवति देवीका फूलारा तुलबहादुर बिष्टले जानकारी दिनु भयो ।

माता बाला त्रिपुरा सुन्दरी भगवति देवीको मन्दिरको पश्चिम तर्फ रहेको भण्डार कक्षमा मातालाई भोग लगाउने परिकार बनाउनुका साथै पुजारी, भक्तजनहरुका लागि प्रसाद बनाउने गरिन्छ । उक्त कक्षमा रहेका सामग्रीहरु समेत जलेका छन् । आगोलागिबाट दशौ लाखको क्षति भएको पुजारीहरुले बताउनु भएको छ ।

नेपालमा विभिन्न घट्नाहरु भैरहेका छन् । यी घट्ना हुनुमा दैवी शक्तिहरुमा केही समस्या भएर हुन सक्ने बताइन्छ । यहाँको आगोलागिले देशमा अझै केही

....... .. .पेज नं. ८ मा

## संविधानको रक्षाका लागि चुनावमा लाग्नुहोस्

सुस्केरा समाचारदाता

काठमाडौं, असोज । सम्माननिय राष्ट्रपति रामचन्द्र पौडेलले देश, जनता लोकतन्त्र र संविधानको रक्षाका लागि निर्वाचन एक मात्र विकल्प भएको बताउनुभएको छ ।

फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनमा केन्द्रीत हुन दललाई आग्रह गर्नुहुँदै शुक्रबार

राष्ट्रपति पौडेलले यस्तो बताउनुभएको हो ।

राष्ट्रपति कार्यालय शीतल निवासमा आह्वान गर्नुभएको अन्तरिम सरकार सहितको सर्वदलीय बैठकमा उहाँले यस्तो आग्रह गर्नुभएको हो । उहाँले शान्ति सुरक्षाको आवश्यक प्रबन्ध गरी निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गराउने विश्वास आम नागरिक लाई दिलाउन सरकारलाई सुझाव दिनुभएको प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो ।

राष्ट्रपति पौडेलले लोकतन्त्रको रक्षाका लागि सबै मिलेर निर्वाचन सम्पन्न गराउनुपर्ने बताउनुभयो । उहाँले पौडेलले राजनीतिक दलहरूमा कुनै द्विविधा र अस्पष्टता भए बैठकमा राख्न आग्रह गर्दै निर्वाचनबाहेक अन्य विकल्प खोज्न थालियो भने यसले देशलाई कहाँ पुर्‍याउँछ भन्ने पनि सोच्न आग्रह गर्नुभयो। उहाँले पार्टीले कन्फ्युजन सिर्जना नगरी जेनजीको माग पनि आफूहरूले पुरा गर्ने भनेर जनतामा जान आग्रह गर्दै दलको सुरक्षाको चिन्तालाई सरकारले तत्काल सम्बोधन गर्नुपर्ने बताउनुभयो ।

बैठकमा सहभागी राजनीतिक दलका नेताहरूले लोकतन्त्रमा विश्वास गने राजनीतिक दल निर्वाचनमा जान

....... .. .पेज नं. ८ मा

## शान्तिसुरक्षा सम्बन्धी . ...

उनीहरूको भनाइ छ ।

चुनावमा सहभागी नहुने भनेर कुनै पनि नेताले नबोले पनि उनीहरूले चुनावी वातावरणलाई लिएर पटक-पटक प्रश्न उठाए । कतिपयले यस्तो वातारणमा चुनाव हुन नसक्नेसमेत दाबी गरे । बैठकमा सहभागी दलका नेताहरूले निर्वाचनबारे अझै पनि आम मानिसमा आशंका भएकाले सरकारले नै पहल गर्नुपर्नेमा जोड दिए ।

बैठक स्रोतका अनुसार एमाले महासचिव शंकर पोखरेल शान्तिसुरक्षाको सवालमा कडा रूपमा प्रस्तुत हुनु भएको थियो । उहाँले २३ र २४ भदौका घटनाक्रमलाई अलग-अलग ढंगले हेरिनुपर्ने बताउनु एको थियो । ‘२३ भदौमा जेन-जीको आन्दोलन थियो । प्रदर्शन हिंस्रक भयो । सरकारका तर्फबाट बल प्रयोग भयो । त्यसको छानबिन होस्, ठीक छ । तर, २४ भदौको घटनालाई पनि त्यसैसँग जोड्न मिल्दैन,’ उहाँले भन्नु भयो, ‘दोस्रो दिनको घटना लुटपाट, आगजनी र डकैती हो । त्यसलाई त्यहीअनुसार हेरिनुपर्छ । त्यसमा संलग्नहरूलाई कारबाही हुनुपर्छ ।’ २४ भदौमा अराजकता मच्चाउने, हत्या, आगजनी र लुटपाट गर्नेलाई कारबाही नगरिएसम्म शान्ति सुरक्षा प्रति आम नागरिकको भरोसा जाग्न नसक्ने उहाँको भनाइ छ ।

कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले पनि प्रहरीका हतियार लुटिएको र जेलहरूबाट कैदी भागेको स्थितिमा शान्तिसुरक्षामाथि गम्भीर प्रश्न उठाउनु भयो । प्रहरीको मनोबल खस्किनु पनि शान्तिसुरक्षाका लागि चुनौती रहेको उहाले बताउनु भयो । कांग्रेस निर्वाचनको पक्षमा भए पनि सरकारले भरपर्दो काम गर्नुपर्नेमा उहाँको जोड छ । ‘सरकारले उपयुक्त वातावरण बनाएको छैन । समाजमा त्रास छ । यस्तोमा कसरी चुनाव हुन सक्छ भन्ने आशंका छ,’ उहाँले भन्नु भयो ।

सरकारले गठन गरेको छानबिन आयोगका अध्यक्ष गौरीबहादुर कार्की विवादमा मुछिएकाले उहाँले गर्ने काम निष्पक्ष नहुने एमालेका नेताहरूको भनाइ छ । कांग्रेस र एमालेका नेताले सरकारको वैधानिकता, चुनाव घोषणालगायत विषयमा कानुनी परीक्षण पनि बाँकी रहेको प्रश्न उठाएको स्रोतको दाबी छ । समाजमा त्रासको वातावरण कायम भएको उल्लेख गर्दै एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले निष्पक्ष, शान्तिपूर्ण र निर्धक्क ढंगले चुनावमा जाने अवस्था नभ( एको बताउनु भयो । ‘अहिले त्रासको वातावरण छ । चुनाव हुन्छ कि हुँदैन भन्ने आशंका छ । चुनाव भए पनि निष्पक्ष, शान्तिपूर्ण, धाँधलीरहित हुन्छ भन्ने ग्यारेन्टी छैन,’ उहाँले भन्नुभयो ।

बैठकको प्रारम्भ गर्दै राष्ट्रपति पौडेलले देश, जनता, लोकतन्त्र र संविधानको रक्षाका लागि निर्वाचन एक मात्र विकल्प भएको बताउनु भयो ।

## संविधानको रक्षाका .....

सधैँ तयार रहेको बताउँदै अहिलेको सुरक्षा व्यवस्थाले निष्पक्ष र स्वतन्त्र वातावरणमा निर्वाचन हुने विषयमा संसय पैदा भएको बताउनुभएको थियो ।

अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले दलहरूको सहभागिताविना निर्वाचन नहुने विषयमा सरकार प्रष्ट जानकार रहेको भन्दै स्वतन्त्र निष्पक्ष र भयरहित निर्वाचन गराउन सरकारले शान्ति सुरक्षाको प्रबन्ध गर्ने विश्वास दिलाउनुभयो । जेनजीहरू हामीहरू सबैको छोरा नाती भएकाले उनीहरूले किन आज यस्तो असंतुष्टी व्यक्त गरे भन्ने बुझेर परिवर्तनलाई आत्मसात गर्दै अगाडि बढ्न दलहरूलाई आग्रह गर्नुभएको थियो । बैठकमा अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीसहित सबैमन्त्री सहभागी हुनुहुन्थ्यो ।

सो बैठकमा नेपाली कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री गगन थापा, नेकपा एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र महासचिव शंकर पोखरेल, नेकपा माओवादी केन्द्रबाट वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, सचिव वर्षमान पुनलगायत सहभागी हुनुहुन्थ्यो ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट कार्यबहाक सभापति डिपी अर्याल र सहमहामन्त्री विपिन कुमार आचार्य, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्रवक्ता ज्ञानेन्द्र शाही र मिना लामा, नेकपा एकीकृत समाजवादीबाट उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव धनश्याम भुषालको सहभागीता थियो ।

त्यस्तै, जनता समाजवादी पार्टीबाट रेनु यादव, जसपा नेपालबाट विद्युत बज्राचार्य र प्रकाश अधिकारी, जनमत पार्टीबाट चन्द्रकान्त राउत र डा. जयकुमार राउत, लोकतान्त्रिक समाजवादी पार्टीबाट ज्ञानेन्द्र झा र सवेन्द्रनाथ शुक्ला, नागरिक उन्मुक्ती पार्टीबाट रेशम चौधरी र नेपाल मजदुर किसान पार्टीबाट सुनिल प्रजापती, सहभागी हुनुहुन्थ्यो ।

## डोल्पामा एक्कासी ..... ....

भैरहेको मात्रै होइन चिसोका कारण घुडागाँठा दुख्ने, चिसोबाट हुने रोगहरु बढ्न थालेको वृद्ध नागरिकहरुले बताउनु हुन्छ ।

हुन त केही वर्ष अघि कात्तिक ३ गते बेसीहरुसम्मै हिउ परेको अनुभव डोल्पालीहरुमा रहेको छ । तै पनि गएका वर्षहरुमा चिसो विस्तारै बढ्दै जाने गरेकोमा यो वर्ष ह्वात्तै बढेको हो की हाम्रो अनुभव त्यस्तो भएको हो भन्दै स्थानीयहरु एकापसमा कुरागरी रहेको सुनिन्छ ।

## मतदाता नामावली .. ....

इएको निर्वाचन आयोग नेपालले जनाएको हो ।

नेपालका सबै जिल्ला निर्वाचन कार्यालयहरुमा जहाँ सुकैबाट पनि नामावली दर्ता गराउन पाउने र दर्ता गराइएको नामावली जहाँबाट गरे पनि स्थायी ठेगानाको मतदाता नामावलीमा थपिने गरी व्यवस्था गरिएको जनाइएको छ । यस बाहेक आफू बसेकै ठाउँमा मतदान गर्नका लागि बसाई सराई नभइकन नामावली दर्ता हुने छैन । स्थायी ठेगानामा मात्र मतदाता नामावली संकलन हुने छ । त्यस कारण उमेर तथा मतदाता बन्न योग्यता पुगेका नेपाली नागरिकहरुले नागरिकताको सक्कलै प्रमाणपत्र, बसाइ सराइ भएको ठाउँमा मतदाता नामावली दर्ता हुन भए बसाइ सराइको सक्कलै प्रमाणपत्र र बिवाह भएको छ भने बिवाह दर्ताको सक्कल प्रमाणपत्र पेश गर्नु पर्ने निर्वाचन आयोग नेपालले जनाएको छ ।

जिल्ला निर्वाचन कार्यालय डोल्पाले पनि सूचना जारी गर्दै मतदान गर्ने उमेर पुगेका सम्पूर्ण नेपाली नागरिकहरुलाई जिल्ला निर्वाचन कार्यालयमा आएर मतदाता नामावली दर्ता गराउन तथा अध्यावधिक अनलाइनबाट पनि मतदाता नामावली अध्यावधिक गर्न गराउन आग्रह गर्दै सूचना जारी गरेको छ ।

## बाला त्रिपुरा ..... .....

अनिष्ठ त हुने होइन भन्ने आशंका बढेको पनि स्थानीयको भनाई रहेको छ ।

## दुनैबाट सिधा ... .... .... ...

पल्टी गर्दा यात्रुहरुलाई शास्ति थियो भने सामानहरु पनि पल्टीका कारण महंगो हुने गरेको थियो । अब यातायातका साधन सिधा चल्न थाले पछि यात्रुहरुलाई निकै सहज भएको छ भने निर्माणका सामाग्री, दैनिक उपभोग्य सामानहरुमा ढुवानी भाडा घट्न जाने भएकाले बजार मूल्य सुलभ हुदै गएको डोल्पाका स्थानीयहरुले बताउने गरेका छन् । यात्रुहरुको भाडा दरमा पनि निकै सस्तो भएको जनाइएको छ ।

दुनैबाट काठमाण्डौं, नेपालगञ्ज, सुर्खेत सम्म सिधा यातायात संचालनमा आउँदा गाडी भाडा पनि सस्तो भएको जनाइएको छ । दुनैदेखि काठमाण्डौं सम्म ४ हजार, नेपालगञ्जसम्म ३ हजार भाडा कायम भएको जनाइएको छ ।

डोल्पा जिल्लाको मुड्केचुला गाँउपालिका र जगदुल्ला गाँउपालिकाका कृर्षकहरु यति खेर अन्न बालिहरु घर भित्र भित्रियाएसकेपछि जिल्लाका आधिकाशं किसनहरु घाँस काट्नमा व्यस्थ हुने गरेको कृर्षकले बताएका छन् । गाँउघरमा यति खेर बिहानैखि घरदेखिको टाडा वनमा घाँस काट्न गएर वेलुकि राति मात्र घर फर्किने बताएको छ ।

आज भोलि काटेको घाँस ,मकैका पोक्सर ,पराल सबै एकै ठाँउमा जम्मा गरेर राख्ने गरिन्छ । आज भोलि काटेको घाँस हिउदको सिजनमा हिउ र पानी धेरै पर्ने

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,

- ❖ सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं.
- ❖ सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं.
- ❖ आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं.
- ❖ सवारीसाधनको छतमा बसेर यात्रा नगरौं.
- ❖ सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं.
- ❖ मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं.

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# हाम्रो कला संस्कृति

नेपालीहरुको कला संस्कृति अद्‌भुत र चमत्कारिक छ। किनकी नेपालीहरुले परापूर्व कालदेखि आफ्नो संस्कृतिक परम्परा चल्दै आएको छ। यही संस्कृतिक परम्पराले हामी नेपालीहरुलाई एक सुत्रमा बाधेको छ। हामी नेपालीहरु बीचमा रहेको संस्कृतिका विषयमा जति चर्चा गरे पनि कमै हुन्छ। किन भने हाम्रो नेपालमा जति पनि जातजाति रहेका छन् ती सबै जातजातिहरुले वर्ष दिन भित्र विभिन्न समयमा मनाइने रमाइला चाड पर्वहरुमा देखिने आआफ्नै पहिचान बोकेका संस्कृतिहरु, संस्कारहरुले हामी नेपालीको छाति उचो बनाउँछ। यस कारण पनि नेपालीहरुले आफ्नो संस्कार र संस्कृति सम्झेर निकै गर्भ गर्ने गर्दछन्। हुन पनि हो नेपालका विभिन्न भूगोलमा बसोबास गरे पनि नेपालीहरुको पहिचान उनीहरुको संस्कृतिले दिने गर्दछ। यी चाड पर्वमा आफ्ना छिमेकी तथा नजिक रहेका अन्य जातजाति, धर्म संस्कृति भएका समुदायहरुसंग सहिष्णु हुने गरेको छ।

सबैले सबैको चाड पर्व धर्म संस्कृतिलाई रमाइलो मानेर महसुस गर्ने गरेको देखिन्छ। हिन्दुहरुका चाड पर्वहरु दशैमा विभिन्न प्रकारले रमाइलो गर्ने, पिंग लगाउने, नाचगान गर्ने, पाहुना बोलाउने, छोरी बहिनीहरुलाई बोलाएर सम्मान गर्ने, सत्यले असत्य माथि विजय हासिल गरेको उत्सवका रुपमा, राक्षेशी शक्ति माथि दैवी शक्तिको विजय भएको प्रतिकका रुपमा दशैमा रातो टिका र पहेलो जमरा लगाई दिएर ठुलाले साना तथा मान्यजनको हातबाट टिका जमरा थापेर आश्रीवाद लिने दिनका रुपमा दशैलाई लिने गरेको पाइन्छ। यसका साथै नवरात्रमा शक्ति स्वरुपा विभिन्न नौ देविहरुको उपासना गर्ने गरिन्छ भने राम्रो लगाउने, मिठो खाने पर्वका रुपमा दशैलाई लिने गरेको पाइन्छ। त्यसै गरी तिहारमा पनि दाजुभाईको लामो आयुको लागि दिदी बहिनीहरुले कामना गर्दै दिदी बहिनीहरुले मिठामिठा परिकार दिने सप्तरंगी टिका र मखमली माला लगाईदिदै दाजुभाईको पुजा गर्ने र दाजुभाईले पनि गच्छे अनुसार दच्छिना दिने चलन रहेको छ। यति बेला तिहार पर्व नेपालीहरुको घरदैलोमा आइपुगेको छ। देउसी, भैलो गुन्जिनेछन्।

नेपालमा ब्राह्मण, क्षेत्री, मगर, गुरुंग, थारु, यादव, डोल्पो, नेवार, शेर्पा, इस्लाम लगायत चार जात छत्तिस वर्णका मानिसहरु मिलेर बसे का छन्। उनीहरुले ल्होसार, माघी, दशै, तिहार, रमजान, गाइजात्रा लगायत विभिन्न जात्राहरु, घर्ती पुजा, भुमे पुजा, म्ह पुजा, विभिन्न पशु पंछी तथा पर्वतको पुजा गर्ने, विभिन्न औसी पुनिमा देवी देवताहरुको पुजाआजा गर्नुको साथै दही चिउरा खाने, घिउ खाने, धान रोपाई पर्व मनाउदै प्रकृतिको पुजा गरेको पाइन्छ। जे जसो भए पनि आपसमा मिलेर बसेका समुदायको मेलमिलाप अद्‌भुत प्रकारको पाइन्छ। चाड पर्व मनाउने क्रममा आ आफ्नै तरिकाका विभिन्न खानपानका परि कारहरु बनाएर खाने, आ आफ्नै प्रकारका पहिरन लगाउने, आ आफ्नै प्रकारले नाचगान गर्ने, उत्सवका रुपमा रमाइलो गर्ने गरेको पइन्छ। यस प्रकारका विभिन्न चाल चलन ऋति संस्कारहरुले नेपाललाई अन्य देश भन्दा नेपाल फरक देखिने गरेको पाइन्छ। यिनै विभिन्न कला संस्कृतिले नेपालीहरु एक छौं यही ठुलो महत्व रहेको छ।

## तिम्रो गाउँको शून्यता

तुलसी केसी
रातोपाटीबाट

तिम्रो गाउँ पुगें
जहाँ आँगनहरू खाली थिए
कुनै पनि अगेनोमा आगो बलिरहेको थिएन
र माटोले तिम्रो गन्ध बिर्सिसकेको थियो।

पाटीपौवा सुतेका थिए
जहाँ कहिल्यै निदाउँदैनथ्यौ तिमी
बुढो पिपलको फाँटमा बसेर
तिमीले कतै लेखेका थियौ होला
'म फर्केर आउनेछु !'
तर ती अक्षरहरू
हिउँसँगै पग्लिइसकेका रहेछन्।

पँधेरीको पानी शान्त थियो
तर प्रतिविम्बहरू हराइसकेका थिए
साँझ आउँथ्यो
तर चराहरू फर्किन छाडेका थिए
हावा चल्थ्यो
तर त्यसमा तिमीले भन्ने कथा थिएनन्।

घरका छानाहरू उस्तै थिए
तर मौनताले भरिएका थिए।
काठको झ्याल
चुलोको खरानी
पिँढीमा बिर्सिएको एउटा पुरानो गम्छा
सबै तिम्रो अनुपस्थितिलाई बोकेर बसेका थिए।

एउटा गाउँ थियो
जहाँ सबैथोक थियो
तर तिमी थिएनौ।
०००

## गागलफेदी

रामेश्वर फुयाल
गोरखापत्रबाट

दिउँसै अँध्यारो पारिएको ठाउँमा
रात्रिले पुनः अँध्यारो बन्यो
दविएका जनतामा
आक्रोश थप्यो।
अन्याय खप्दा खप्दा आजितहरुको जितमा
फेरि अर्को चिन्ह भयो खडा॥

रात्रिले अँध्यारो थप्यो
प्रशासनले भरौटे थप्यो
जनताले न्याय खोजे
न्याय प्राप्तिको लागि मृत्यु रोजे
शिरमाथि गोली चल्यो
कान वरिपरि ढ्याङ्ढ्याङ्ग आँखा वरिपरि मल्याकमुलुक
बल्न थाले कटवांसहरु गोली साथमा
वल्न थाले अश्रु ग्यांसका गोलाहरु
घोक्राइए मुण्टाइए असी वर्षे बाबुहरु
लुटिए आमा वहिनीहरु
चुटिए छ वर्षे भाइहरु॥

सवैभन्दा ठुलो ज्यान
अन्यायले दाग्छन भने
जनताका स्वभिमान
धनपती, लुटेरालाई सुम्पीन खोजिन्छ भने
चुप वस्नु थियो मर्नु
ज्यूँदा जनता व्यूझि उठे
हत्केलामा ज्यान राखी
गोलीसँग ढङ्ग जुदाए
भयो सही राम्रो एकता प्रदर्शन॥
घडीले ८ वजायो ............

खेलकुद

# क्रिकेटको समूह विजेता बन्यो नेपाल

सुस्केरा समाचारदाता

काठमाण्डौं, असोज । आइसिसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिक छनोटको समूह विजेता बन्दै नेपाल सुपर सिक्समा प्रवेश गरेको छ । समूह चरणको अन्तिम खेलमा जापानलाई पाँच विकेटले हराउँदै दुई अंकका साथमा नेपाल सुपर सिक्समा प्रवेश गरेको हो ।

सुरुमा ब्याटिङ गरेको जापानले दिएको १३२ रनको लक्ष्य नेपालले १८ ओभरको समाप्तिमा पाँच विकेट गुमाएर भेट्टाएको हो । समूह उपविजेता बन्दै जापानसमेत सुपर सिक्समा प्रवेश गरेको छ ।

नेपालका लागि आशिफ शेखले सर्वाधिक ३८ रन बनाउनुभयो । शेखले २१ बलको सामना गर्दा एक छौका र चार छक्का प्रहार गर्नुभयो । गुल्सन झाले २८ रन बनाउँदा कुशल भुर्तेलले २१ रनको योगदान गर्नुभयो । कप्तान रोहित पौडेलले १८ रन जोड्दा दीपेन्द्रसिंह ऐरीले १४ रन थप्नुभयो जापानका लागि शोमा स्लेटरले दुई विकेट हात पार्दा रेओ साकुरानो थोमस, सबोरिश रविचन्द्रन र डेक्लान सुजुकीले एकएक विकेट लिनुभयो ।

सुरुमा ब्याटिङ गरेको जापानले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १३१ रन बनाएको थियो ।

जापानका लागि केन्डेल काडोवाकी फ्लेमिङले अर्धशतक प्रहार गर्नुभयो । उहाँले ४६ बलमा ६० रन जोड्नुभएको हो । उसका लागि इसम रहमानले २५ बलमा ३१ रन थप्नुभयो । सुरुमा आक्रामक ब्याटिङ गरेको जापा

# लोकतन्त्र रक्षाको साझा संकल्प

- गीता गुरुङ

.......... निर्माणमा भूमिका खेल्नु पर्छ । जबसम्म नेता वा जनताले आफ्नो जिम्मेवारी बुझ्दैनन्, तबसम्म लोकतन्त्र माथि खतराको बादल मडारिर हने छ ।

आज किन यति छोटो समयमा हाम्रो व्यवस्थामाथि थ्रेट उत्पन्न भयो, किन विशेषतः नवयुवामा चरम निराशा छ यो कुरा मनन गर्नु जरुरी छ । जेनजीको मागलाई नेताहरूले गम्भीरतापूर्वक बुझ्नु अपरिहार्य छ । आन्दोलनकारीको मुखुन्डो भिरेर विध्वंस मच्याउनेलाई कारबाहीको दायरामा ल्याउनु आवश्यक छ । जेनजी आन्दोलनको माग गलत थिएन । यो आन्दोलन हरेक नेपाली युवाको मनमा बसेको आक्रोश, हरेक आमाको आँसुमा लुकेको पीडा र नागरिकले महसुस गर्न नसकेको सुशासनको मागको उपज थियो । जुन कुरा देश हाँकिरहेका देश नेतृत्वले बुझ्न नसक्दा मानवीय सँगै ठुलो भौतिक क्षति बेहोर्नु पऱ्यो । जेनजीको आन्दोलन हाइज्याक गरेर उपद्रो मच्याउनेहरू मात्र होइन आन्दोलनलाई कम आँकेर कम तयारी गरी रगतको खोला बगाउन निर्देशन दिनेहरू पनि कारबाहीको भागीदार हुनु पर्छ । हामीले यो बुझ्नु पर्छ कि हिंसा र तोडफोडले हामीलाई हाम्रो गन्तव्यमा पुऱ्याउँदैन । व्यक्तिगत हमलाले केवल हाम्रो समाजलाई विभाजित गर्छ, घृणा र द्वेष फैलाउँछ । अन्ततः यस्ता कार्यले लोकतन्त्रलाई नै कमजोर बनाउँछ । आम जनताले पनि यो बुझ्नु पर्छ कि लोकतन्त्र भनेको केवल स्वतन्त्रताको अधिकार होइन, यो त जिम्मेवारीको कर्तव्य पनि हो । लोकतन्त्र जोगाउने हो भने सबैले आफ्नो जिम्मेवारी कुशलतापुर्वक शान्तिपूर्ण ढङ्गले वहन गर्नु पर्छ न कि हिंसात्मक बाटोबाट ।

आज यो देशको सडकमा बास्ना आउँछ, खरानीको, रगतको र आँसुको । यो बास्नाले हामी डराउनु हुँदैन । यो खरानीले हामीलाई कमजोर बनाउनु हुँदैन । यो खरानीमाथि हामीले नयाँ सपना रोप्न सक्नु पर्छ । हामीले यो सन्नाटालाई आशामा बदल्नु पर्छ । हाम्रा नवयुवा, जसको भौतिक शरीर गोलीले ढल्यो, तिनको सपना ढल्न दिनु हुँदैन । तिनका बलिदानले हामी( लाई सम्झाइरहन्छ कि यो देश हाम्रो हो र यो देशलाई बनाउने अभिभारा हाम्रै हो ।

हाम्रा प्रहरी, जसको बर्दीमाथि मजाक बनाइयो, तिनले पनि फेरि एक पटक आफ्नो मनोबल उठाउनु पर्छ । तिनको बर्दी केवल कपडा होइन, यो देशको सम्मानको प्रतीक हो । यो सम्मान फिर्ता ल्याउन हामी सबै एकजुट हुन पर्छ । हामीले भ्रष्टाचारलाई जरैदेखि उखेल्नु पर्छ, तर यो काम आगजनी र लुटपाटले होइन विचार, कर्म, र एकताले सम्भव छ । हामीले हाम्रो नेतालाई बुझाउन सक्नु पर्छ कि सत्ता क्षणिक हुन्छ तर जनताको विश्वास अमर हुन्छ । तिनले यो बुझ्नु पर्छ कि यो देश ती सहिदको रगतले बनेको छ, ती आमाहरूको आँसुले सिञ्चित छ । तिनले यो बुझ्नु पर्छ कि यो देश केवल काठमाडौंको सडकमा सीमित छैन, यो हरेक गाउँ, हरेक बस्ती, हरेक मुटुमा बाँच्छ ।

जेनजीको आन्दोलनलाई केवल नवयुवाको आन्दोलनका रूपमा बुझ्ने भुल गर्नुहुन्न । यो हरेक नेपालीको मनको आन्दोलन हो । यो ती युवाको सपनाको आन्दोलन हो, जसले गोली खाएर पनि हार मानेनन् । यो ती आमाहरूको आँसुको आन्दोलन हो, जसले आफ्ना सन्तान गुमाएको पीडामा भन्दा पनि देश बन्ने आशा बोकेर बाँच्छन् । .......... (गोपबाट)

संस्कृति, कला, बाल संशार



गोदावरी फूलको मेला संचालन हुँदै ।

# देश स्वदेशबाटै संचालन होला ?

सुस्केरा समाचारदाता

डोल्पा, असोज । यति बेला जतातत‍ै जेनजी आन्दोलनको उपलब्धीका रुपमा नयाँ सरकार गठन भयो । त्यो सरकारमा जाने प्रधानमन्त्री मन्त्रीहरुले भारत र अमेरिकी राजदुतावासमा गएर उनीहरुको चित्त बुझाए पछि मात्र मन्त्री बनेको र त्यसो नगने ' मन्त्री बन्न नसकेको भन्ने कुरा वाहिरिए पछि यति बेला नेपालको शासन व्यवस्था अप्रत्यक्ष रुपमा विदेशी इसारामा चल्ने गरी गतिविधि बढेको सबैतिर चर्चा परिचर्चा हुने गरेको पाइन्छ ।

हर्क सांगपांग र निकोलस भुसालको भनाई अनुसार जेनजी आन्दोलनका कारण केपी ओलीको सरकार बाहिरिए पछि बनेको प्रधानमन्त्री शुशिला कार्की नेतृत्वको सरकार पुरै भारत र अमेरिकाको इसारामा चल्ने गरी गतिविधि भैरहेको आशंका बढेको आरोप नागरिकहरुले लगाई रहेका छन् ।

एमाले र नेपाली काँग्रेसको संयुक्त सरकार स्थायी प्रकृतिका रुपमा बने पछि विकासले गति लिएको सबैतिर चर्चा चल्ने गरेको छ । यसले के देखाउछ भने ओली सरकारले विकास निर्माणका काममा तिब्रता दिएको सबैले स्वीकारेको पाइन्छ ।

केवल लिपुलेक, लिम्पियाधुरा, कालापानी लगायतका क्षेत्र नेपालको भूमि हो त्यस कारण भारतले नेपाललाई फिर्ता गर्नु पर्छ भन्ने अडान राखेको र संसदको सर्वसम्मत रुपमा पास गरी नयाँ चुच्चे नक्सा जारी गरेर संयुक्त राष्ट्र संघमा समेत त्यो चुच्चे नक्सा पठाइसक्नुका साथै चीन भ्रमणका क्रममा भारत र चीनबिच लिपुलेक भएर व्यापार गर्ने गरी भएको भएको सम्झौता नेपालका लागि मान्य नहुने भनेर प्रधानमन्त्री ओलीले चीनिया राष्टपति समक्ष स्पष्ट अडान राखेकै कारण भारत र अमेरिकाले अदृश्य खेल खेलेर ओली सरकार ढाल्नका लागि

## सामान्य ज्ञान ०४

*१. सङ्घीय निजामती सेवा विधेयक-२०८० राष्ट्रिय सभाबाट कहिले पारित भएको हो ?*

*- विसं २०८२ भदौ १७*

*- राष्ट्रिय सभाबाट पारित विधेयकमा अवकाशलगत्तैको नियुक्तिका लागि दुईबर्से विश्राम अवधि (कुलिङ पिरियड) कायम हुने गरी राष्ट्रिय सभाले प्रतिवेदन पास गरेको ।*

*- अतिरिक्त सचिव (१३ औं तह) राख्नेसम्बन्धी व्यवस्थालाई राष्ट्रिय सभाले हटाएको ।*

*- नासु (सहायक पाँचौं) र सहसचिव (राजपत्राङ्कित प्रथम श्रेणी) मा खुला र अन्तरतह प्रतियोगिताद्वारा १०/१० प्रतिशत पदपूर्ति हुने प्रबन्ध गरिएको । अब नासु र सहसचिवमा खुलाबाट १०, अन्तरतह प्रतियोगिताबाट १० र बढुवाबाट ८० प्रतिशत पदपूर्ति हुने गरी व्यवस्था राष्ट्रिय सभाको प्रतिवेदनमा गरिएको ।*

*२. सिन्धुपाल्चोककै सबैभन्दा ठुलो १०२ मेगावाट क्षमताको मध्य भोटेकोशी जलविद्युत् आयोजनाको परीक्षण उत्पादन कहिलेदेखि भएको हो ?*

*- विसं २०८२ भदौ १६*

*- आयोजनाले भदौ अन्तिम सातादेखि व्यावसायिक उत्पादन गर्ने उल्लेख गरेको ।*

*- आयोजना निर्माण सुरु भएको १४ वर्षपछि उत्पादन हुन थालेको ।*

*- १२ अर्ब ३३ करोड लागत अनुमान गरिएकोमा समयमा आयोजना*

# सरकार, दल र नवपुस्ताबिच समन्वय जरुरी

- अशोक अधिकारी

काठमाडौं, असोज । भदौ २३ र २४ गतेको जेनजी विद्रोहपछि गठित सरकारले फागुन २१ गतेका लागि प्रतिनिधि सभा निर्वाचन घोषणा गरेको छ। जेनजी आन्दोलनले ल्याएको परिवर्तनसँगै प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा सरकार निर्वाचन गराउने तयारीमा जुटेको हो ।

मुख्यतः निर्वाचन गराउने कार्यादेश प्राप्त सरकारले निर्वाचन आयोगसँग संवाद अघि बढाउँदै गर्दा आयोगले पनि मतदाता नामावली अद्यावधिक गर्ने र दल दर्ताको प्रक्रिया आरम्भ गरिसकेको छ। निर्वाचनको मिति घोषणा भएपछि राजनीतिक दल केन्द्रीय कार्यसमितिको बैठकदेखि विशेष महाधिवेशन गरी नेतृत्व र साङ्गठनिक रूपान्तरणतर्फ अघि बढेका छन् ।

नवीन परिवेश, जेनजी आन्दोलनमा उठान भएका सुशासन, भ्रष्टाचार निवारण र समग्र सुधारका विषयसँगै प्रमुख राजनीतिक दलभित्र अर्थपूर्ण रूपान्तरणको सन्दर्भ चर्को बहसमा छ। विज्ञले फागुन २१ गतेको निर्वाचन निष्पक्ष, पारदर्शी र सहभागितामूलक बनाउन साझा राष्ट्रिय दृष्टिकोण निर्माण गर्नुपर्ने बताएका छन् ।

पूर्वराजदूत एवं त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमा र निर्वाचन आयोगका पूर्वकार्यवाहक प्रमुख आयुक्त दोलखबहादुर गुरुङले निर्वाचनलाई औचित्यपूर्ण बनाउन साझा राष्ट्रिय सङ्कल्प, अठोट र जेनजी पुस्ताको आन्दोलनको मर्मलाई आत्मसात् गर्न सुझाव दिनुभएको छ। राजनीतिक विश्लेषक तुलानारायण शाहले जेनजी विद्रोहपछि सृजित राजनीतिक परिस्थितिलाई दृष्टिगत गरी सबैले निर्वाचनमा सहभागी हुने वातावरण तयार गर्नुपर्ने बताउनुभयो ।

त्रिविका पूर्वउपकुलपति प्राडा माथेमाले निर्वाचन गराउनु सरकारकै जिम्मेवारी भएको प्रस्ट पार्दै निष्पक्ष निर्वाचन हुने प्रत्याभूति दिनुपर्ने बताउनुभयो। उहाँले सुरक्षाकर्मीको मनोबल वृद्धि गर्नुपर्ने र जनमत परीक्षण गर्नका लागि फागुन २१ गते निर्वाचन गने घोषणा भइसकेकाले धर्ना, जुलुस, प्रदर्शन जस्ता कार्यक्रम बन्द गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "कुनै राजनीतिक दलविशेषले तर्साउन सक्दैन। अब नेपालमा शान्ति छ है भन्ने भावनाको विकास गर्ने, सुरक्षाको प्रत्याभूति गर्ने वातावरण तयार गर्नु पर्छ। यो काम सरकार एक्लैले गर्न सक्दैन। राजनीतिक दलसँगै सबै सरोकारवालाबिच समन्वय चाहिन्छ।"

सरकार र आयोगको प्रमुख दायित्व

पूर्वकार्यवाहक प्रमुख निर्वाचन आयुक्त गुरुङले अन्तरिम सरकारलाई प्राप्त कार्यादेश अनुसार निर्वाचनको वातावरण निर्माण गर्नुपने बताउनुभयो। उहाँले निर्वाचनको मिति घोषणा भएपछि यसका सबै प्राविधिक पक्ष व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "जेनजी आन्दोलनपछि देश निर्वाचनमा होमिँदै छ, यो परिवर्तन ल्याउने जेनजी पुस्ता, सरकार र राजनीतिक दलबिच निर्वाचन स्वच्छ, स्वतन्त्र र निष्पक्ष बनाउनका लागि सहमति, सहकार्य, समन्वय र सहभागिता सुनिश्चित गराउनु पर्छ। नत्र निर्वाचन औचित्यपूर्ण हुँदैन।"

प्राडा माथेमाले निर्वाचनबाटै पार्टीभित्र आन्तरिकसँगै देशको लोकतान्त्रिक व्यवस्था सुदृढ हुने बताउनुभयो। उहाँले दलहरू जनतासमक्ष जाने, आफ्ना विचार, कार्ययोजना र समग्र विषय जनतामाझ राख्ने भएकाले जनताले आफ्नो मतमार्फत देशको रूपान्तरण सुशासनका लागि ढाँचा बदलिने अभिप्रायका साथ निर्वाचन कुरिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "निर्वाचन भयरहित, निष्पक्ष र सहभागिता वृद्धि गर्ने गरी हुनु पर्छ। सरकार कुनै राजनीतिक दल विषयको नभएकाले निष्पक्ष निर्वाचन हुने आधार पनि छ। त्यसैले सरकारका लागि सबै पार्टी बराबर हुन्। निर्वाचनको माहोल बनाउनु सबै लाग्नु पर्छ।"

समन्वय आवश्यक

प्राडा माथेमा र पूर्वआयुक्त गुरुङले सबै पक्षबिच समन्वय हुनुपर्नेमा जोड दिनुभयो। प्राडा माथेमाले निर्वाचनबाटै राजनीतिक दल खारिने भएकाले ठुलासाना सबै दलले निर्वाचनमा भाग लिनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "ठुला दलले निर्वाचन बहिस्कार गर्ने अवस्था बन्नु हुँदैन। निर्वाचनलाई विश्वसनीय बनाउनु पर्छ। सरकारले अभिभावकीय जिम्मेवारीमा रहनु पर्छ। सरकारले दलसँग संवाद गर्नु पर्छ। दलहरूलाई विश्वासमा लिएरै, संविधानमाथि प्रश्न नउठ्ने गरी निर्वाचनको वातावरण बनाउनु पर्छ।"

पूर्वआयुक्त गुरुङले निर्वाचन आयोगले पनि समन्वयनात्मक भूमिकाका साथ अघि बढ्नुपर्ने बताउनुभयो। उहाँले निर्वाचन सम्पन्न गराउन सरकारपछि निर्वाचन आयोगको दायित्व हुने र दलबिच लोकतन्त्रवादी दलका लागि निर्वाचन सर्वोपरि रहने भएकाले सरकार, दल, निर्वाचन आयोग र जेनजीबिच समन्वय हुनुपर्ने बताउनुभयो।

राजनीतिक विश्लेषक तुलानारायण शाहले लोकतान्त्रिक अभ्यास अनुसार विघटित संसद्मा प्रतिनिधित्व गनेसबै दलले अविलम्ब विशेष महाधिवेशन गरी नेतृत्वसँगै साङ्गठनिक रूपान्तरण गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न हुने आधार निर्माण हुनुपर्ने बताउनुभयो। (गोपबाट)

## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं।

ठुलीभेरी नगरपालिका, डोल्पा

निर्वाचन आयोग, नेपाल

## जिल्ला निर्वाचन कार्यालय

डोल्पा

पत्र सङ्ख्या :- २०८२।८३ मिति :- २०८२।०६।२०

चलानी नम्बर :- ने.सं. :- ११४५कौलाथ्व तृतिय

### जिल्ला निर्वाचन कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

उपरोक्त सम्बन्धमा निर्वाचन आयोग नेपालको मिति २०८२ साल असोज ०९ गतेको निर्णय बमोजिम पुन छुट मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यक्रम यहि मिति २०८२ साल कात्तिक ३० गते सम्म सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

- नयाँ मतदाता नामावली दर्ताको लागि सक्कल नागरिकता र नागरिकतामा भएको स्थायी ठेगाना बाहेक अन्यत्र मतदाता नामावली दर्ता गर्नु परेमा बसाइ सराइ भएमा बसाइ सराइको सक्कल प्रमाण पत्र र बिवाह दर्ता भएमा बिवाह दर्ताको सक्कल प्रमाण पत्र समेत लिएर स्वयम् व्यक्ति निर्वाचन कार्यालयमा आउनु पर्नेछ ।
- मतदाता नामावली अद्यावधिकको लागि निर्वाचन कार्यालयमा उपस्थित भएर वा www.election.gov.np मार्फत आवश्यक प्रमाणपत्र सहित Online आवेदन दिन सकिने छ ।

थप जानकारीको लागि

सम्पर्क नम्बर :- ०८७५५०१३७

९८५८३९०१३७

जिल्ला निर्वाचन कार्यालय डोल्पा

(श्यामकुमार राई)

निमित्त जिल्ला निर्वाचन अधिकारी

# सार्वजनिक नैतिकताको प्रश्न

- सन्जीव कार्की

नैतिकता सामाजिक मूल्यको सिद्धान्त हो । नैतिकतामा एकरूपता नहुनु वर्तमान समयको मूल समस्या हो । नेपालको समाज आज अभूतपूर्व सङ्कटको घेरामा छ । यो सङ्कट राजनीति, अर्थतन्त्र वा वातावरणको मात्र होइन, यो नैतिकताको गहिरो क्षयको सङ्कट हो । जसको कारण नेपाली झन्डा काँधमा बेरेर सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनलगायत राष्ट्रका महत्वपूर्ण अड्डा अदालत अग्नि दहनले खरानी बने । नेपाल जस्तो विविधतापूर्ण र आध्यात्मिक मुलुकमा आज नैतिक पतनको त्रासदी चरममा पुगेको देखिन्छ । यो सङ्कट केवल राजनीतिक, आर्थिक वा सांस्कृतिक होइन । यो मानवीय मूल्य र नैतिक चरित्रको क्षयको सङ्कट हो ।

नयाँ सन्दर्भमा नैतिकताको पुनर्व्याख्या आवश्यक छ । नैतिकतालाई आआफ्नो अनुकूलतामा परिभाषित गरिन्छ नैतिकता स्खलनको आरोप नखेप्ने मान्छे कमै छन् । इमानदार हुनु भनेको कमजोर बन्नु झैँ भएको छ । निर्धन हुनुलाई नालायक सम्झिन थालिएको छ । धन प्राप्तिको मार्गमा बहस छैन तर धनलाई इज्जत गरिन्छ । त्यसको धन इज्जतको हुन्छ जसले नीति र निष्ठा नियम र कानुनको मातहत स्वाभाविक धन आर्जन गरेको होस् ।

कुनै पनि मानक बन्ने क्रममा त्यहाँ लामो समय अभ्यास भएको धर्म, परम्परा, संस्कृति, विज्ञान र कानुनको प्रत्यक्ष अप्रत्यक्ष निगरानी र साझेदारी रहेको हुन्छ । समाजको आफ्नो छुट्टै मानक, नैतिकता, सामाजिक समझ र व्यवहार हुन्छ । सामाजिक व्यवहारको आलोकमा नैतिकता निसृत हुन्छ । नैतिकता सामयिक पनि हुन्छ । विगतमा नैतिक लाग्ने विषय आज अनैतिक र अवैधानिक बनेका हुन्छन्, त्यसैले सामयिक नैतिकताको पुनरुत्पादन हुनु जरुरी छ ।

भौतिक मूल्य र नैतिक मूल्य

नैतिकता त्यस्तो चिज, व्यवहार र आदर्श हो, जसले भौतिक मूल्यलाई कहिल्यै प्राथमिकीकरण गर्दैन । नैतिक मूल्य र उचाइ अङ्क गणितीय जोड घटाउमा भेटिन्न नैतिक देखिने पनि विकेका र चुकेका पाइन्छन् । लोभ र मोहमा फसेका देखिन्छन् । सार्वभौम नैतिकताले बाटो बिराएको देखिन्छ, अतः नैतिकताको पनि पुनरवलोकन, पुनर्व्याख्या र पुनर्पुष्टि आवश्यक छ । कुनै पनि विषयको औचित्य त्यतिबेलासम्म रहन्छ जतिबेलासम्म उसले आफ्नो प्राकृत स्वभाव गुमाउँदैन । ऊ अप्रशंसनीय बन्छ । जब ऊ आफ्नो धर्मबाट विचलनमा पुग्छ तब उसको बारेमा पूर्व मान्यता, दर्शन र मानक बारे सोचमग्न बन्ने स्थिति पैदा हुन्छ । हाम्रो समाजमा प्राचीनकालदेखि स्थापित नैतिक मूल्यमा गिरावट आएको छ । कतिपय अवस्थामा पुरानो अभ्यास र मानक भत्काउने स्वाभाविक प्रक्रिया हुन्छन् । तिनलाई भत्काएर नवनिर्माणको खाँचो हुन्छ कति अस्वाभाविक रूपमा स्खलनमा जाने हुनाले नव मान्यता स्थापित गर्न विहङ्गम विमर्श चलाउनु सामयिक हुन्छ । जसका लागि समाजमा अभ्यास गरिएको धार्मिक कानुन, त्यसले पारेका प्रभाव र समाजमा छोडेको अमिट छाप, मनोविज्ञान र विश्वासबारे तथ्यमा पुग्ने यत्न गर्नु पर्छ ।

संविधानको हक

नागरिकलाई दिने अधिकार संविधानमा फर्जी बनेर बस्यो । मान्छेलाई जातको ट्याग भिराएर अछुत बनाइयो । व्यवहारमा छुवाछुत र भेदभाव हटेन भनेर गुनासो गर्ने नागरिकलाई समानता र अधिकार संविधानमा छ भनेर सरकार गैरजिम्मेवार बन्छ । नागरिक अधिकार खोज्ने तर कर्तव्य बिर्सने बन्यो । विचलन, अवसाद, विसर्जन, वियोग, नैतिकताको क्रयविक्रय, क्षति र घाटालाई उकासेर नैतिकता र धर्मको पुनः परिभाषा अपरिहार्य भएकाले नैतिकताको पुनर्व्याख्या जरुरी भनिएको हो ।

समाज सधैँ अवैज्ञानिक र परम्परागत तवरले चल्न सक्दैन । नूतन संस्कृति र संस्कारको थालनी गर्नु पर्छ । पूर्वीय दर्शनले प्रतिपादन गरेका विराट मूल्य र अस्तित्व जोगाउन पनि यसको कमजोरी सुधार गरेर आगामी पाइला चाल्नु पर्छ । नेपालले पनि हिन्दु धर्म र यसको विराट दर्शन, सौन्दर्य र ज्ञानको अथाह भण्डार बचाइराख्न यहाँ अभ्यास गरिएका जातीय छुवाछुत र विभेदजन्य संस्कार, संस्कृति र परम्परा लाई जरैदेखि उन्मूलन गर्न अभियान चलाउन जति ढिला गर्‍यो, नोक्सानी त्यति नै बढ्ने छ ।

हिन्दु धर्मको अभ्यास गर्नेहरूमा जातीय छुवाछुत छैन भनेर सफेद झुट बोल्ने र ढाकछोप गर्ने, टालटुल पार्ने काम आत्मघाती बन्ने छ र मानवताविरुद्धको अपराध र मानवीय सभ्यतामाथिको भद्दा मजाक हुने छ । कमजोरी हटाएर यसको मूल्यबोध गर्न जति ढिला गर्‍यो, उति हिन्दु धर्म सङ्कुचनमा परेर सङ्कटोन्मुख हुने पक्का छ । एउटा धर्म दर्शनको विलुप्ति उसकै कारण होला तर उसको उपस्थितिमा, उसकै दार्शनिक मान्यताले मान्छेको बाँच्न पाउने हक खोसिनु किमार्थ स्वीकार्य हुन्न ।

समस्या छन् भने तिनको निदान पनि छ । ज्ञान विज्ञानको युगमा अन्धविश्वास र अन्ध तर्कलाई विस्थापित गर्दै धर्म, दर्शन र संस्कृतिले अँगालेका मानवहितकारी तत्वको आत्मसात् र अमानवीय रूढिग्रस्त विचारलाई तिलाञ्जली दिएर समयको रथलाई आफू अनुकूल बनाउनु पर्छ । धर्म र अप्रमाणिक भनेर सबै कुरा त्याज्य र विस्मृतिमा लैजान लायक छैनन् । मानवीय गुण र भावनाले ओतप्रोत दर्शन पनि छन् ।

दर्शन, विचार, संस्कृति र परम्परा नभएको समाज र मान्छे हुँदैन । असल पक्षको प्रवर्धन गर्दै खराबलाई त्याग्ने नवसंस्कृति बसाल्न देशका प्राज्ञिक, बौद्धिक र प्रबुद्ध वर्गले धर्म नैतिकताको पुनर्व्याख्याको अभियानमा आफूलाई समाहित गर्दै लैजानु पर्छ । सर्वस्वीकार्य नैतिकताको भाष्य त संसारमा कहीँ कतै नहोला तर अधिक स्वीकार्य मान्यताको वैचारिक बहसमा गर्नु पर्छ । सत्यलाई दृष्टिगोचर गर्ने तरिकालाई फराकिलो बनाउनु पर्छ । कुनै कालखण्डमा स्वार्थवश र अन्जानवश धर्म दर्शन विशेष गरी वेदको व्याख्या गरिँदा आएका विकृत कुरा महिला र शुद्रको नाममा हुने विभेदजन्य पक्षलाई सच्याउने र हिन्दु धर्मले विभेद गर्दैन भन्ने नीति मीमांसालाई पालन गर्दै मार्ग तय गर्न सकिएन भने भयङ्कर दुर्घटना निम्तिने खतराबाट सम्बद्ध पक्ष सरोकारवाला सचेत रहनु पर्छ ।

विनिर्माणको अवसर

अग्नि (आगो) नै सत्यको उद्घाटन गर्ने उच्चतम शिक्षक भनेर परिचय गराउने सर्वप्राचीन ऋग्वेद पक्कै सामान्य विद्या र लहडी लेखन मात्र होइन । वेदभित्र के छैन कति गहन जीवन, दर्शन र नीति नियमको विज्ञान छ । कति काल्पनिक र भविष्य द्रष्टा विचार छ । स्वामी प्रपन्नाचार्यले उसै 'वेदमा के छ' लेखेका होइनन् ? त्यसै गरी वेदभित्र त्याज्य प्रसङ्ग पनि छन् । वेदलाई आजको युग चेतनाले अपौरुषेय मान्दैन । वेद, पुराण, महाभारत जस्ता कृति मानवलिखित साहित्य, धर्म र दर्शन हुन् । यिनको गुदी ग्रहण गर्ने र बाँकी प्राचीन सभ्यता र इतिहास साहित्य र तत्कालीन ...... (गोपबाट)


## बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा



## युवा सशक्तिकरण गरौं

युवा सशक्तिकरण किन :

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सेचत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

मुड्केचुला गाउँपालिका, डोल्पा



## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले

- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले

- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

# जे गर्ने हो, संविधानमै टेकेर गर्ने हो

- तनुजा पाण्डे

......... तर अहिलेको स्थितिमा नागरिक सरकार चाहिन्छ भन्यौं ।

सेनापतिसँग भेट्न हामी १२ जना गएका थियौं । युजन राजभण्डारी, रक्षा बम, पुरुषोत्तम यादवलगायत थियौं । उहाँहरूले हामीहरूलाई के-के माग छ, भोलिपल्ट लिएर आउन भन्नुभयो । हामीले ४८ घण्टाको समय माग्यौं । किनकि त्यतिबेला देशभर आन्दोलन थियो । सबैको आवाज सुन्नुपर्थ्यो । त्यसलाई सूत्रबद्ध गर्नुपर्थ्यो । त्यसैले सबैको कुरा सुनेर माग लिएर आउछौं भन्यौं । अर्को पटक आउँदा सेना मात्रै होइन, राष्ट्रपति पनि हुनुपर्छ भन्यौं । किनकि, संविधानअनुसार 'नेगोसियसन' गर्ने ठाउँ सेना होइन नि । हामीसँग संविधान छ, राष्ट्रपति हुनुहुन्छ । त्यसैले संविधानभित्रै रहेर राष्ट्रपतिसँग वार्ता गर्छौं । त्यसो भनेर हामी त्यस दिन बाहिरियौं ।

भोलिपल्टदेखि भने ती सबै युवा छेउ लागे/लगाइए जस्तो हुनुभयो । हामीले के स्मरण गर्नुपर्छ भने त्यति बेला एउटा अभियान नै चल्न थालिसकेको थियो- राष्ट्रपतिलाई सार्वजनिक गर । 'नेगोसियसन' त कागजी दस्तावेजका रूपमा हुनुपर्ने हो । तर त्यति बेला के भयो भन्ने केही थाहा छैन । कसरी यहाँसम्म आइपुग्यौं भन्ने केही थाहा छैन । ठोस 'नेगोसियसन' केमा भयो भन्ने जेन-जीलाई नै थाहा छैन । त्यसैले हामी पनि त्यति बेलाको प्रक्रिया पारदर्शी हुनुपर्थ्यो भनेर माग गरिरहेका छौं । किनकि हाम्रो आन्दोलन नै सरकारसँग पारदर्शिता खोज्ने, जवाफदेहिता खोज्ने भनेर भएको हो । त्यसैले यति बेला भएको सहमति पनि पारदर्शी हुनुपर्छ । सेनाले जोसँग वार्ता गऱ्यो, त्यसमा समस्या छैन । अहिले लाई हामीले नागरिक सरकार खोजेका थियौं, त्यो पाइसक्यौं । तर कम्तीमा पारदर्शी हुनुपर्थ्यो भन्ने हो ।

किनकि भएको सहमति प्रस्ट भएन भने आन्दोलनकै मर्मविपरीत हुन्छ । धेरै साथीले संविधान खारेजीको कुरा गर्नुभएको छ । तर यो हाम्रो आन्दोलनको माग नै थिएन । १० वर्षको संघर्षपछि नेपालीले यो संविधान पाएको हो । समाज परिवर्तनशील हुन्छ, विकास हुन्छ । संविधानमा संशोधन गर्ने विकल्प छ । आवश्यकताअनुसार संशोधन गर्न सकिन्छ । मलाई लाग्छ, यही संविधान कायम हुनुपर्छ । आवश्यकताअनुसार संशोधन हुनुपर्छ ।

निर्वाचनबाट युवाले मौका पाउनुपर्छ, तर यही प्रणालीले काम गर्नुपर्छ भन्ने लाग्छ । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको विषय पनि उठेको छ । तर नेपालमा जसरी लोकप्रियतावाद हावी भइरहेको छ । यस्तो बेलामा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री प्रणाली अपनाउनु कतिको उचित हुन्छ ? त्यहाँ प्रश्न छ । त्यसैले अहिलेकै व्यवस्थाले काम गर्नुपर्छ भन्ने लाग्छ । यद्यपि धेरै मानिसले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री नै खोज्छन् भने पनि संविधानअनुसार नै हुनुपर्छ । अब चुनाव हुन्छ । त्यसपछि आउने संसद्ले संविधान संशोधन गरेर मात्रै लागू हुनुपर्छ । जे गर्ने हो, संविधानमै टेकेर गर्नुपर्छ । कुनै असंवैधानिक काम स्वीकार्य हुँदैन । संघीयता खारेज गर्नु हुँदैन । कायम हुनुपर्छ ।

किनभने नेपाल भनेको एउटा जातजाति मात्रै बस्ने ठाउँ होइन । विगतमा भएको मधेश आन्दोलन, थारू आन्दोलनमा कतिले ज्यान गुमाउनुभयो । त्यति बेला पनि राज्यबाट मारिनुभएको हो । हामीले त्यसलाई बिर्सिनु हुँदैन ।

जेन-जीलाई अहिले राज्यले जसरी माऱ्यो, केही वर्षअगाडि त्यसरी नै विभिन्न जातजातिका मान्छेलाई मारेको थियो । ती जातजातिले लडेर ल्याएको हो, संघीयता । त्यसैले हामीले इतिहासका घटनाक्रमलाई मनन गरेर यो देश एउटा जातजातिको मात्रै हो इन भन्ने कुरा बुझ्नुपर्छ । संघीयता खारेजीतिर त जानै हुँदैन । आन्दोलनले त्यो मागेको पनि थिएन ।

साभारः इकान्तिपुरअनलाइन
(किशोर दहालसँगको संवाद)

## स्तनपानः बालबालिकालाई बरदान

आमाको दुध बालबालिकाका लागि अमृत समान हुन्छ । त्यसैले,
- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दुधको विकल्पमा बट्टाको दुध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गने वस्तु (विक्रि वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

## महत्वपूर्ण जानकारी

- हामी आफ्नो र आफूसँग आश्रीत परिवारको स्वस्थ जीवनका लागि अर्गानिक उत्पादनका लागि आफू लागौं र अरुलाई पनि यस तर्फ आकर्सित गराऔं ।
- सबैभन्दा ठुलो कुरा उत्पादन गर्नु भन्दा पनि उत्पादित अर्गानिक कृषि उत्पादनको सहि उदुपयोग गरौं ।
- गाउँको शुद्ध अर्गानिक वातावरणलाई रासायनिक मल, विषदीहरु प्रयोग गरेर नबिगारौं ।
- हाम्रो गाउँमा उत्पादन हुने कोदो, फापर, मकै, गहु लगायतका खाद्य बस्तुको प्रयोग गरौं निरोगी बनौं ।
- आफ्नो बारिमा अर्गानिक खेति गरौं, माटोको उर्बरा शक्ति सुरक्षित राखौं । अर्गानिक कृषि उत्पादनको प्रयोग गरी निरोगी बनौं ।
- आफ्नो वरपरको वातारण अर्गानिक बनाई राख्न सबै एक होऔं ।
- विषदी र रासायनिक मलले माटोको उर्बरा शक्ति घटाउने कुरा बुझ्रि राखौं ।

शरद लामा
कार्यालय प्रमुख
कृषि विकास कार्यालय दुनै, डोल्पा
दुनै, डोल्पा




जनहितमा जारी सूचना
खाना खानु अघि, शौचालय गए पछि,
खेतबारीमा काम गरिसके पछि
मिचिमिचि साबुन पानीले
हात धुन नभुलौं
खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय
दुनै, डोल्पा

छोरा छोरी सबैलाई,
समान रुपमा विद्यालय पठाऔं ।

# साधनाको प्रतीक विजयादशमी

- डा.गोविन्द टण्डन

....... दिनको द्वन्द्व र सङ्घर्षको प्रतिविम्ब पनि हो यो। हरेक मानिसको अन्तर्मनभित्र राम र रावण दुवै विद्यमान छन् । तिनीहरूबिच निरन्तर सङ्घर्ष चलिरहन्छ । हामी स्वयं आफैँले पनि हरेक दिन यस कुराको अनुभव गरिरहेका छौँ ।

विजयादशमीको यस परम पावन अवसरमा हामीले सङ्कल्प र प्रयास आफूभित्रको राम सदैव शक्तिशाली, कल्याणकारी र परोपकारी बनोस्, हरेक दिन मनमा झुल्कने उदण्ड रावणलाई परास्त गरी विवेकी राम लाई आत्मसात् गर्न पाइयोस् । सत्य, न्याय, इमानदारी, अहिंसा, करुणाको सदैव विजय होस् । यसैलाई साथमा राखेर कर्तव्य-कर्महरू गर्न पाइयोस्, जीवनलाई सफल मात्र होइन, असल बनाउन सकियोस्, यही चिन्तन र साधना जीवनमा गर्न पाइयो भने नवरात्रिको साधना, व्रत फलदायी बन्न पुग्छ ।

हरेक व्यक्तिको जीवनमा मात्र होइन, हाम्रो राष्ट्रिय जीवनमा पनि राम र रावण दुवै विद्यमान छन् । कहिले मारीचको रूपमा सुनौलो मृगको लोभलाग्दो रूप लिएर आउँछ, कहिले शूर्पणखाको रूपमा झुटो आकर्षण लिएर आउँछ, कहिले खर-दूषणका रूपमा आतङ्ककारी बनेर हाम्रो प्राचीन संस्कृतिमाथि खुला आक्रमण गर्छ, कहिले हाम्रा सांस्कृतिक मूल्यहरूको क्षयको कारण बन्छ वा संस्कृतिका प्रतीक र रक्षकहरूमाथि आक्रमण गर्छ । भगवान् रामले यस्ता राक्षसी र राष्ट्रघातक प्रवृत्ति र शक्तिलाई परास्त गर्न त्यस बेला राष्ट्रवादी, धर्मप्रेमी र संस्कृति रक्षकलाई एकजुट गरी सङ्गठित गरेका थिए र यो सङ्गठित शक्तिका आधारमा रावण र उसको आसुरी शक्तिलाई परास्त गरेका उदाहरण प्रशस्त पाइन्छन् ।

श्रीरामको विजयमा सङ्गठित राष्ट्रिय शक्तिको जति महत्व थियो, त्यति नै वा त्योभन्दा बढी महत्व श्रीरामको शुद्ध आचरण र विशुद्ध चरित्रको थियो । त्यसैले हिन्दु जीवनमूल्यको प्रकाशमा चरित्रवान् व्यक्तिको आचरणद्वारा निर्माण हुने विजयी सङ्गठित शक्तिका माध्यमबाट मात्र हामी समाजको रावण र आसुरी शक्तिलाई परास्त गर्न सफल हुन सक्छौँ । यो अत्यन्त विचारणीय कुरा छ ।

विभिन्न युगमा रावणका फरक फरक अनुहार देखिएका छन् । आधुनिक परिवेशमा विश्वका प्रत्येक राष्ट्रसामु आतङ्कवाद सुरसाको जस्तै मुख बाएर उभिएको छ । यसका साथै महँगी, बेरोजगारी, सामाजिक विषमता, जातिवाद, साम्प्रदायिकता जस्ता अनेक समस्या आज विश्वकै लागि चुनौती बनेका छन् । यिनको समाधानका लागि निश्चित रूपमा लोकनायक रामको जस्तै सीमित साधनको विवेकपूर्ण उपयोग प्रभावकारी हुन सक्छ । आजको सन्दर्भमा अझ यो एक्काइसौँ शताब्दी, जहाँ ज्ञान-विज्ञानको क्षेत्रमा अनेक उपलब्धि हासिल भएर मानिसका अनेक समस्या समाधान भई मानवीयताका अरू प्रवर्धन र उचाइ हासिल गर्नुपर्ने बेलामा रक्त पिपासु बनेर कुनै पशुप्राणीको बलि, हत्या गर्नु आवश्यक छैन । तापनि धर्म-संस्कृति, संस्कार र संस्कृतिको नाममा अझै पाशविक कार्यहरूले प्रोत्साहन पाइरहेका छन् । किन यसो भइरहेका छन् ?

विजयादशमी या बडादसैं जे भनौँ यो पशुपन्छीको दशाको पर्व भइरहेको छ । जीवहरूमा सर्वोत्कृष्ट मानिएको मानिसबाटै धर्मको नाममा पशुपन्छीप्रति क्रुरता, निर्दयता, पाशविकताको पराकाष्टा देख्नु परिरहेको छ । कस्तो विडम्बना ? कस्तो आश्चर्य ? शास्त्रहरू भन्छन्, "अहिंसा परमोधर्म यतो धर्मस्ततो जयः" (वाराहपुराण ११६।३८) अर्थात् अहिंसा नै ठुलो धर्म हो, जहाँ धर्म हुन्छ, त्यहाँ जय कल्याण हुन्छ । यस्ता पवित्र वाक्यहरूले हाम्रा शास्त्र भरिएका छन् । स्कन्दपुराण ६।२३४।२९ मा स्पष्टसँग भनिएको छ-

यस्मिन धर्मे दया नास्ति सधर्मो दूषितो यतः । दया विना न विज्ञानं धर्मो ज्ञानमेव च ।

अर्थात् जुन धर्ममा दया छैन, त्यस धर्म दूषित हुन्छ, दयाबिना विज्ञान हुँदैन, धर्म ज्ञानमा निहित छ । चाणक्यले चाणक्य नीति (३।१६) मा कतिसम्म भनिदिएका छन् भने "त्यजेत धर्म दयाहीनम" अर्थात् दयाहीन छ भने त्यस्तो धर्मलाई त्यागिदिए पनि हुन्छ । जुन शास्त्रको प्रमाण लिएर पशुबलि प्रथालाई प्रोत्साहन मिल्यो, त्यही देवीभागवत (७।१६) मा एक ठाउँमा उल्लेख पाइन्छ, "दया समं नास्ति पुण्यं, पापं हिंसा समं नहि" अर्थात् दया बराबरको पुण्य केही पनि छैन, हिंसा जस्तो पाप अरू केही हुन्न । शास्त्रका यस्ता अनेकौँ स्पष्ट र प्रामाणिक विचार, धारणा र तर्क भए पनि पशुबलि मौलाउनु, पशुहरूको हत्या-हिंसा हुनुमा मानिसमा अन्तर्निहित स्वार्थ र स्वादे जिब्रोबाहेक केही होइन भन्ने देखिन्छ।

यजुर्वेदमा स्पष्टसँग उल्लेख गरेको पाइन्छ, "पशून् पाहि मा हिंस्यात् सर्वाणी भूतानि" अर्थात् कुनै पनि पशुप्राणीको हिंसा नगर । यसो भन्नुको पनि कारण छ । भगवान् श्रीकृष्णले श्रीमद्‌भगवद्‌गीतामा अर्जुनलाई ज्ञान दिने क्रममा भन्नुभएको छ- "ममैवांशो जीवलोके जीवभूत सनातनः" (श्रीमद्‌भगवद्‌गीता १५।७), अर्थात् जीवलोकका सम्पूर्ण प्राणीहरू मेरै अंश हुन् । किनभने "ईश्वरः सर्वभूतानां हृद्देशोर्ऽजुन तिष्ठति" (गीता १८।६१) अर्थात् हे अर्जुन ! सम्पूर्ण प्राणीको हृदयमा ईश्वर बसेको छ ।

कहाँनेर हामी चुकिरहेका छौं सभ्य समाजले विचार गर्नुपर्ने होइन ? कहिले गर्छौं ? अरूले गरून् वा नगरून्, जे गरून् म गलत कर्ममा लाग्दिनँ भन्ने सङ्कल्प नवरात्रको साधना र विजयादशमीको महान् सन्देश हुनु पर्छ ।

विजयादशमीको दिनलाई विजयको लक्ष्यले सीमोल्लङ्घन गर्ने दिन मानेर उहिले उहिले एक देश, अर्को शत्रु सम्झिएको देशमाथि जाइलाग्ने दिन थियो । यो विश्वास प्राचीनकालदेखि चलिआएको थियो । भनिन्छ, यो दिन ग्रह-नक्षत्रहरूको स्थिति यस्तो हुन्छ, जसले गर्दा गरिएको कार्यमा विजय निश्चित हुन्छ ।


## सूचना । सूचना ॥ सूचना ॥।

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका घट्नाहरु, घटना घटेको ३५ दिन भित्र यस पालिकाका नागरिकहरुले आफ्नो वडा कार्यालयमा दर्ता गरौं, गराऔं ।

जगदुल्ला गाउँपालिका, डोल्पा



## बाढी र पहिरोबाट सचेत होऔं ।

बाढी र पहिरो आउनुअघि :

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला तयार गरौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिहरुलाई प्राथमिकता दिऔं,

बाढि र पहिरो आएमा :

- अनावश्यक हिडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलहरुबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तबरले पार गरौं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

काइके गाउँपालिका, डोल्पा



## भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा